सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

## A Quarterly Publication of PEFA Secretariat

वर्षः २ अङ्कः ७ ०७० भाद्र

DPIUs विशेष

## सम्पादकको तर्फवाट :

स्थानीयस्तरमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले पेफा निर्देशक समितिको निर्णयानुसार जिल्ला पेफा कार्यान्वयन इकाई (DPIU) गठन भएको हो । जसको संयोजक कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख रहने व्यवस्था छ । PFM/PEFA सम्वन्धी सूचना तथा गतिविधिहरु स्थानीय स्तरसम्म पुऱ्याउन समन्वय, संचार तथा सम्प्रेषण गर्ने कार्यमा DPIU ले सहयोग पुऱ्याइरहेको छ ।

जिल्लास्तरमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि भयो भने देशको समग्र सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढ हुन सक्छ । स्थानीय स्तरमा गर्नुपर्ने काम र सवै साझेदारहरुले निर्वाह गर्नुपर्ने भूमिकाको वारेमा स्थानीय तहमा कार्य हुन सकेमा मात्र यसले वित्तिय उत्तरदायित्व प्रवर्द्धनमा योगदान दिन सक्छ । यस्तो कार्यक्रमको कार्यान्वयनमा DPIU लाई जिम्मेवार वनाई संचालन गर्न आवश्यक भएको छ ।

यस अभियानलाई अझ सशक्त र क्रियाशिल बनाउन जिल्ला पेफा कार्यान्वयन इकाई (DPIU) ले गर्ने क्रियाकलापहरु पहिचान गरी यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिन आवश्यक भएकोले DPIUs Strengthening Programme कार्यान्वयन सम्वन्धी अवधारणापत्र तयार गरिएको छ । सोही अवधारणापत्रमा उल्लेख भए वमोजिम जिल्लामा भएका सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी क्रियाकलाप लगायतका अन्य गतिविधी सहित पेफा न्यूजलेटरको सातौ अंकमा प्रस्तुत भएका छौ ।



१४ औ पेफा निर्देशक समिति को वैठकमा अर्थ सचिव एवं अन्य सहभागीहरु

## यस भित्र


- World Bank Midterm Mission सम्पन्न
- १४ औ पेफा निर्देशक समिति को वैठक सम्पन्न
- DPIUs विशेष पेफा कार्यक्रमहरु
- National PFM/PEFA Training 2070
- Repeat PEFA Assessment सम्वन्धी Past Assessor संग अन्तरक्रिया कार्यक्रम
- Society of Economic Journalist (SEJoN) संग अन्तरक्रिया कार्यक्रम
- आर्थिक पत्रकारहरुलाई सार्वजनिक वित्तीय व्यवस्थापनसम्वन्धी तालिम प्रदान
- अन्य PFM सम्वन्धी जानकारीहरु

# १४ औ पेफा निर्देशक समिति को वैठक सम्पन्न

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) संरचनाभित्र रहेर नेपालमा दोस्रो पेफा मूल्यांकन (Repeat PEFA Assessment) गर्न विभिन्न मूल्याकंन टिम वनाउने निर्णय सहित १४ औ पेफा निर्देशक समिति को वैठक २०७०/०४/२१ मा सम्पन्न भएको छ। वैठकको अध्यक्षता अर्थ सचिव एंव पेफा निर्देशक समितिका अध्यक्ष श्री शान्तराज सुवेदीज्यूले गर्नु भएको थियो।





वैठक अघि सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण आयोजना (SPFM Project) को Midterm Review Mission को प्रतिवेदनमा छलफल भएको थियो। उक्त कार्यक्रममा आयोजनाको हालसम्मको कार्यान्वयन अवस्थाको पुनरावलोकन प्रत्येक Component अनुसार मिसन टिमले प्रस्तुत गरेको थियो। कार्यक्रममा श्री मनोज जैन, श्री विज्ञान प्रधान, श्री लेस कोजीमा लगायतको मिसन टिम र अन्य विकास साझेदार तर्फका सहभागीहरुको उपस्थिति रहेको थियो।

१४ औं पेफा निर्देशक समितिले गरेका निर्णयहरु यस प्रकार रहेका छन् :

१. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) संरचनाभित्र रहेर नेपालमा दोस्रो पेफा मूल्यांकन (Repeat PEFA Assessment) निम्नानुसार गर्ने निर्णय गरियोः

क) सचिवालयले Assessment Team बनाई निर्णयको लागि पेश गर्ने,

ख) मूल्यांकन गर्दा आ.व. २०६६/६७, २०६७/६८ र २०६८/६९ को तथ्यांकलाई आधार लिई मुल्यांकन गर्ने।

२. नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार प्रयास सम्बन्धमा एक उच्चस्तरीय कार्यशाला गर्ने निर्णय गरियो।

३. सार्वजनिक वित्तीय व्यवस्थापन विषयमा व्यावसायिक तालिम प्रदान गर्न सार्वजनिक वित्तीय व्यवस्थापन राष्ट्रिय प्रतिष्ठान स्थापना गर्न पेफा सचिवालयले विस्तृत अवधारणा पत्र तयार गरी समिति समक्ष पेश गर्ने निर्णय गरियो ।



४. सार्वजनिक वित्तीय व्यवस्थापनमा जनशक्ति विकास रणनीति तय गर्ने र त्यसको समन्वय पेफा सचिवालयले गर्ने निर्णय गरियो ।

५. सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्बन्धी विषयमा बाह्य सहयोग प्राप्त गर्दा बजेटमा समावेश हुने गरी सहयोग प्राप्त गर्ने । साथै वित्तीय व्यवस्थापन सुधार सम्बन्धी कार्यक्रमहरु एकद्वार प्रणाली अनुसार व्यवस्थित गर्दा बढी प्रभावकारी हुने हुँदा वित्तीय व्यवस्थापन सुधार सम्बन्धी बाह्य सहायता परिचालन गर्दा पेफा निर्देशक समितिको सिफारिस प्राप्त गरी परिचालन गर्ने व्यवस्थाका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

## SPFM Project World Bank Midterm Mission सम्पन्न

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण सम्वन्धी आयोजनाको मध्यावधी कार्यान्वयन अवस्थाको पुनरावलोकन गर्न विश्व वैंकको नेतृत्वमा रहेको मल्टी डोनर ट्रष्ट फण्डको कार्य टोलीले जुलाई ३१ - अगस्ट ५, २०१३ सम्म नेपालको भ्रमण गरेको छ ।



सो कार्य टोलीको नेतृत्व विश्व वैंकका लिड फाइनान्सियल म्यानेजमेन्ट स्पेसलिष्ट श्री मनोज जैनले गर्नु भएको थियो । टोलीमा विज्ञान प्रधान, लेस कोजिमा, हिरामणि घिमिरे, खुरम फारुक, रोशन दर्शन वज्राचार्य, शम्भु उप्रेती, योगेश मल्ल, प्रज्ञा श्रेष्ठ र नगेन्द्र नकर्मी समावेश हुनुहुन्थ्यो ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण आयोजना विश्व वैंकको नेतृत्वमा मल्टी डोनर ट्रष्ट फण्ड द्वारा अनुदान सहयोगमा संचालित आयोजना हो । जसमा विश्व वैंक लगायत अन्य विकास साझेदारहरुको ४.३ मिलियन डलर अनुदान सहयोग रहेको छ । कार्य टोलीले सर्वप्रथम महालेखा नियन्त्रक श्री सुमन प्रसाद शर्मा संग भेट गरी छलफल गरेको थियो र आफ्नो अध्ययन प्रतिवेदन अर्थ सचिव श्री शान्तराज सुवेदीको समुपस्थितिमा अर्थ मन्त्रालयमा प्रस्तुत गरेको थियो ।



कार्य टोलीले आयोजनाका मुख्य तीन क्षेत्रहरुमा केन्द्रित रहेर मध्यावधी प्रगति अनुगमन गरेको थियो । जसमा नेपालमा एकल खाता कोष प्रणालीको कार्यान्वयन, लेखांकन तथा वित्तीय प्रतिवेदन प्रणालीको सुदृढीकरण र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको सुदृढीकरण सम्वन्धी विषय रहेका छन् ।

आफ्नो अध्ययनबाट टोलीले समग्र आयोजनाको व्यवस्थापन मध्यमरुपमा सन्तोषजनक रहेको निस्कर्ष निकालेको छ । नेपालको ६० जिल्लामा सफलतापूर्वक कार्यान्वयनमा रहेको एकल खाता कोष प्रणाली अन्य देशको लागि पनि अनुकरणीय रहेको कुरा उल्लेख गरेको छ । २०७०।४।१ देखि ७५ जिल्लामा एकल खाता कोष लागु भैसकेको छ । यसलाई सबै जिल्लामा लागु गरी यसको दिगोपना र गुणात्मक पक्षमा जोड दिन सुझाव दिएको छ ।

आयोजनाका संयोजक एवं सह महालेखा नियन्त्रक श्री राजेन्द्र वज्राचार्यले आयोजनाको समग्र प्रगतिको वारेमा जानकारी गराउनु भएको थियो । आयोजनाको प्रगति तथा सचिवालयको संस्थागत सुदृढीकरण सम्वन्धी प्रतिवेदन सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले प्रस्तुत गर्नु भएको थियो । एकल खाता कोष प्रणाली सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री सुकदेव वास्कोटा एवं सूचना प्रविधि व्यवस्थापन सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री सुशील पाण्डेले प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी नेपाल सार्वजनिक लेखामानदण्ड सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री बाबुराम ज्ञवालीले प्रस्तुत गर्नु भएको थियो ।



अन्त्यमा, कार्यटोलीले प्रस्तुत गरेको प्रतिवेदनमा एकल खाता कोष प्रणालीको सफलतालाई दिगोपना दिनुका साथै यसको गुणात्मकतामा सुधार गर्न र लेखांकन तथा वित्तीय प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न सुझाव दिएको छ । साथै Governance and Accountability Action Plan (GAAP Analysis समेतको प्रगति अनुगमन गरिएको थियो ।

## आ.व.०६९।७० मा रुपन्देही जिल्लामा DPIU को सकृयतामा भएका सार्वजनिक खर्चलाई पारदर्शी बनाउन गरिएका कार्यक्रमहरु :

### १. आ.व.०६८।६९ को बार्षिक खर्चको विवरण सार्वजनिक :

मिति ०६९।४।४ गते प्रमुख जिल्ला अधिकारी श्री हरीकृष्ण पौडेलको प्रमुख आतिथ्यमा रुपन्देही जिल्लामा आ.व.०६८।६९ मा चालु तथा पुंजीगत तर्फ भएको विनीयोजन तथा कार्यालयगत रुपमा भएको खर्चको विवरण पत्रकार तथा नागरिक समाजका प्रतीनिधिहरुको रोहवरमा सार्वजनिक गरियो । सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले कार्यक्रमको समयमै कार्यान्वयन गरी सार्वजनिक खर्चको गुणस्तर वढाउनु पर्नेमा जोड दिनु भएको थियो । प्रमुख कोष नियन्त्रक श्रीकृष्ण नेपालले कुल पुंजीगत खर्च मध्ये ५२ प्रतीशत खर्च असार महिनामै भएको तथ्यांक प्रस्तुत गर्दै स्विकृत कार्यक्रम, कार्य योजना तथा खरिद योजना वमोजिम समयमै कार्य सम्पादन गरी दायित्व फर फारक गर्नु पर्नेमा जोड दिनु भएको थियो । पत्रकारहरुवाट  रुपन्देहीमा ३३ करोड वजेट फ्रिज भएको तर्फ जिज्ञासा राखिएको थियो ।

### २. रुपन्देही जिल्लाको पुंजीगत तर्फको स्विकृत कार्यक्रम सार्वजनिक :

मिति ०७०।२।३१ गते कोष तथा लेखा नियन्त्रक कार्यालयमा रुपन्देही जील्लामा आ.व.०६९।७० को  पुंजीगत तर्फ को स्वीकृत कार्यक्रमको कार्यालयगत विवरण पत्रकार तथा नागरिक समाजका प्रतीनिधिहरुको रोहवरमा सार्वजनिक गरियो । कार्यक्रमको नाम, मुख्य कृयाकलाप, योजना स्थल, कुल बजेट र सो मिति सम्मको खर्च समेत सार्वजनिक गरिएको थियो ।

### ३. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व विषयक Radio Conference

मिति ०७०।३।७ मा रेडियो लुम्विनी ९८.६ को सहकार्यमा रुपन्देही जिल्लामा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व बिषयमा Radio Conference सम्पन्न भयो । सो कार्यक्रममा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री वालकृष्ण पन्थी, स्थानीय विकास अधिकारी श्री पेशल कुमार पोखरेल, जिल्ला शिक्षा कार्यालयका उप सचिव श्री थानेश्वर ज्ञवाली, डि.ई. श्री कृष्ण भण्डारी तथा प्रमुख कोष नियन्त्रक श्री श्रीकृष्ण नेपालको सहभागीता रहेको थियो । प्रत्यक्ष्य प्रसारण भएको सो कार्यक्रममा जिल्लाका विभिन्न्न स्थानमा गै संकलन गरिएका लिखित तथा मौखिक जिज्ञासा तथा सुझावहरुलाई सम्वोधन गरिएको थियो ।

### ४. सरकारी विद्यालयको स्थिति अध्ययन

रुपन्देही जिल्लामा गत आ.व. ०६८।६९ मा जिल्लाको कुल खर्चको २० प्रतिशत शिक्षा क्षेत्रमा खर्च भएको आ.व. ०६९।७० को तथ्यांकले पनि कुल खर्चको २० प्रतिशत भन्दा बढी नै यस क्षेत्रमा खर्च भएको देखिएको छन् । यसै तथ्यको आधारमा DPIU ले  मिति ०७०।२।३ मा यस जिल्लाको कुनै एक सरकारी / सामुदायिक विद्यालयको श्रोत व्यवस्थापन तथा नतिजाको अध्ययन गर्ने निर्णय गरेको छ । सो निर्णय कार्यान्वयनको लागि जिल्ला शिक्षा कार्यालय रुपन्देहीको समन्वयमा श्री बुद्ध आदर्श उच्च मा.वि. भगवानपुर ४ रुपन्देही छनौट गरी अध्ययन गरिएको छ । जिल्लामा सवैभन्दा बढी सार्वजनिक खर्च हुने तर सोझै निकासा र खर्च प्रतिवेदन नहुने निकाय सामुदायिक / सरकारी विद्यालयको आम्दानी खर्च व्यवस्थापनको अवस्था थाहा पाउने, बिद्यालयमा परिचालन गरीएको श्रोत तथा शैक्षिक उपलब्धिको मुल्यांकन गर्ने, लेखांकन, प्रतिवेदनको अवस्था थाहा पाउने र अध्ययनवाट प्राप्त हुने नतिजाको आधारमा अन्य विद्यालयहरुको समेत प्रणालीगत सुधारमा सहयोग पु-याउने उद्देश्यले सो अध्ययन गरिएको हो ।

### ५. DPIU नियमित बैठक :

DPIU को गठन तथा थप सदस्यहरु सहित पुनर्गठन गरी नियमित बैठक वसी कार्यक्षेत्रगत बिषयमा छलफल गर्ने गरीएको ।

## DPIUs विशेष

### PEFA कार्यान्वयन ईकाइ (DPIU), डोटी

डोटी जिल्लामा रहेका सरकारी कार्यालय (क्षेत्रीयस्तर, जिल्लास्तर, प्रहरी, नेपाली सेना आदि) मा कार्यरत लेखा समुहका कर्मचारीहरुलाई १ दिने तालिम प्रदान गरिएको थियो । प्रमुख जिल्ला अधिकारीले उद्घाटन गर्नुभएको उक्त तालिम कार्यक्रममा स्थानीय विकास अधिकारी, जिल्ला पेफा कार्यान्वयन इकाइका सदस्यहरु र प्रशिक्षार्थी समेत गरी जम्मा ६३ जनाको सहभागिता रहेको थियो । स्थानीय नगरपालिकाको सभाहलमा संचालित उक्त कार्यक्रममा प्रमुख कोष नियन्त्रक श्री गणेश प्रसाद लुईंटेलले सहभागीहरुलाई PFM/PEFA सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

### PEFA कार्यान्वयन ईकाइ (DPIU), तनहुँ

तनहुँ जिल्लामा स्थानीय स्तरमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न गराउन तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुर्‍याउन एवं यस विषयको समन्वय गर्न तथा सूचना प्रवाह गर्न सहयोग पुर्‍याउने मुख्य उदेश्यले एक दिने जिल्ला स्तरीय सचेतना कार्यक्रमको आयोजना गरिएको थियो ।

### PEFA कार्यान्वयन ईकाइ (DPIU), बर्दिया

जिल्लाको सार्वजनिक खर्च तथा वित्तीय व्यवस्थापनको प्रकृया अझ बढी पारदर्शि, जवाफदेहीपूर्ण तथा जिम्मेवार बनाउने सन्दर्भमा Public Expenditure and Financial Accountability Framework लगायतका विषयमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, लेखा प्रमुखहरु, जिल्ला स्तरीय पेफा कार्यान्वयन इकाइका पदाधिकारीहरु, उद्योग वाणिज्य क्षेत्र, पत्रकार, नागरिक समाज तथा विभिन्न गैर सरकारी क्षेत्रका प्रतिनिधिहरु गरी ८५ जनाको सहभागिता रहेको थियो ।

### PEFA कार्यान्वयन ईकाइ (DPIU), बारा

कोष तथा लेखा नियन्त्रक कार्यालय, बाराको आयोजना तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवलायको सहयोगमा २०७०।३।२३ गते जानकारी तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा जिल्लास्थित कार्यालयहरुका प्रमुख तथा लेखा हेर्ने कर्मचारीहरुको सहभागिता रहेको थियो । कलैया नगरपालिकाको सभाहलमा भएको कार्यक्रम पेफा सचिवालयका संयोजक, सह महालेखा नियन्त्रक श्री राजेन्द्र बज्राचार्यको प्रमुख आतिथ्यता एवं बाराका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले सार्वजनिक वित्तीय व्यवस्थापन कार्य सम्पादन मापन संयन्त्र र सूचकहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

### PEFA कार्यान्वयन ईकाइ (DPIU), बागलुङ

यस जिल्लामा मिति २०७०।२।२२ मा एकीकृत विनियोजन तथा सार्वजनिक खर्च सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । देशको सार्वजनिक खर्च प्रणालीलाई सुदृढ, प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाई वित्तीय सुशासन कायम राख्न सन्दर्भमा छलफल गर्न कार्यक्रमको आयोजना गरिएको हो । कोष तथा लेखा नियन्त्रक कार्यालयको सभाकक्षमा भएको कार्यक्रम बागलुङका प्रमुख जिल्ला अधिकारी श्री महादेव पन्थको प्रमुख आतिथ्यता र प्रमुख कोष नियन्त्रक श्री विष्णुहरि तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा जिल्लाका सबै सरकारी कार्यालयहरुको कुल आय व्यव विवरण सार्वजनिक गरिएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरुको समाधान सम्बन्धित कार्यालयका प्रमुखहरुबाट गरिएको थियो ।

### PEFA कार्यान्वयन ईकाइ (DPIU), मकवानपुर

यस जिल्लामा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी गोष्ठीको आयोजना गरिएको थियो । मिति २०७०।२।२८ गते को.ले.नि.का.को सभाहलमा सम्पन्न भएको कार्यक्रममा मकवानपुर जिल्लाका विभिन्न सरकारी कार्यालयका लेखा प्रमुखहरुको सहभागिता रहेको थियो । उक्त गोष्ठीमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी २ वटा कार्यपत्रहरुको प्रस्तुति गरिएको थियो । प्रमुख कोष नियन्त्रकले सहभागीहरुका तर्फबाट कार्यपत्रमाथि गरिएको टिप्पणी तथा अन्य जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो

### PEFA कार्यान्वयन ईकाइ (DPIU), बैतडी

जिल्ला पेफा कार्यान्वयन इकाइ कञ्चनपुरले आ.व. २०६९।७० मा पेफा सुदृढीकरण कार्यक्रम अन्तर्गत मितिः २०७०।३।२८ गते जिल्ला स्तरीय PEFA अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्‍यो । जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा भएको उक्त कार्यक्रम सार्वजनिक खर्च तथ वित्तीय उत्तरदायित्व सम्बन्धी स्थानीय तहमा सरोकारवालाहरुलाई जानकारी गराउने तथा कार्यान्वयन तहमा रहने कार्यान्वयनकर्ताहरु, स्थानीय तहका निर्णयकर्ताहरु र अन्य सरोकारवालाहरुमा सचेतना अभिवद्धि गराउने उदेश्यले आयोजना गरिएको हो ।

## PEFA कार्यान्वयन ईकाइ (DPIU), नवलपरासी

**कार्यक्रममा समाबेश गरिएका विषयहरु :**

सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सम्बन्धि रेडियो कार्यक्रम संचालन गरि सर्वजानिक क्षेत्रमा वित्तीय अनुशासन कायम गराउने उद्येश्यनुरुप रेडियो परासी ९०.२ र रेडियो दाउन्ने १०३.४ का Station manager हरु सँग छलफल गरी मिति २०७०/२/२० र २१ गते सम्झौता गरी २० गतेबाट एकैसाथ रेडियो कार्यक्रम शुरु गरिएको थियो । कार्यक्रम प्रस्तुतीको लागि निम्न विषयहरुमा प्रोमो तयार गरिएको थियो ।

## PEFA कार्यान्वयन ईकाइ (DPIU), म्याग्दी

- म्याग्दी जिल्लामा पेफा सुदृढीकरण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष ०६९।७० मा निम्नानुसारका कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- जिल्ला पेफा कार्यान्वयन इकाईको पुनर्गठन तथा नियमित रुपमा बैठक बस्ने गरिएको
- PFM सम्बन्धी अनुसन्धान प्रतिवेदन तयार गरिएको ।
- विभिन्न सञ्चारमाध्यमबाट सन्देशमुलक विषयवस्तुको प्रसारण र प्रकाशन गरिएको ।
- आर्थिक वर्षको अन्तिममा जिल्लाको खर्च सार्वजनिक गरिएको ।
- पेफा सम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न भएको ।

**पेफा अभिमुखीकरण कार्यक्रम**

यस आर्थिक वर्षमा मिति २०७०।१।३ गते पेफा सचिवालय संयोजक तथा सहमहालेखा नियन्त्रक राजेन्द्र बज्राचार्य, जिल्ला न्यायाधीश माननीय विनोद शर्मा, प्रमुख जिल्ला अधिकारी चन्द्र बहादुर कार्की लगायत कार्यालय प्रमुखहरु, उद्योगी व्यापारी, गैरसरकारी संस्थाका प्रमुख तथा सरकारी कार्यालयका लेखा प्रमुखहरुको उपस्थितिमा जिल्लामा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा पेफा सचिवालयका संयोजक श्री राजेन्द्र बज्राचार्य र सदस्य सचिव बाबुराम सुवेदीबाट कार्यपत्र प्रस्तुत भएको थियो । कार्यक्रममा उठेका जिज्ञासाहरुको समाधान संयोजक बज्राचार्य तथा सदस्य सचिव सुवेदीले गर्नुभएको थियो ।

## PEFA कार्यान्वयन ईकाइ (DPIU), कञ्चनपुर

जिल्ला पेफा कार्यान्वयन इकाइ कञ्चनपुरले आ.व. २०६९।७० मा पेफा सुदृढीकरणका लागि गरेका गतिविधिहरुः

- २०७०।२।२ मा DPIU बैठक बसी कार्यक्रम स्वीकृत गरेको
- २०७०।२।३१ मा जिल्लास्थित लेखा समुहका कर्मचारीहरु र DPIU का पदाधिकारी बीच बजेटचक्र र PEFA सुदृढीकरण सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरेको ।
- आयोजनाहरुको खर्च अनुगमनः महाकाली सिंचाई आयोजना, सु.प. सिंचाई विकास डिभिजन नं. १ र सु.प. सिंचाई व्यवस्थापन डिभिजन नं. ८ द्वारा संचालित आयोजनाहरुको अनुगमन गरी अनुगमन प्रतिवेदन सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पठाएको ।

# आर्थिक वर्ष २०६९/०७० मा जिल्ला पेफा कार्यान्वयन ईकाइ, इलामका तर्फबाट गरिएका गतिविधीहरु

**(क) जिल्लास्तरीय पेफा अभिमुखीकरण गोष्ठी(२०६९ आश्विन १७)**

स्थानीय स्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न गराउन तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुऱ्याउन एवम् यस विषयको समन्वय गर्न तथा सूचना प्रवाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले पेफा सचिवालय, अनामनगर काठमाडौं तथा जिल्ला पेफा कार्यान्वयन इकाई (DPIU) इलामको संयुक्त आयोजनामा एक दिवसीय अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो ।

यस कार्यक्रमले पेफाका सम्बन्धमा तल्लो तहसम्म जानकारी गराउने, सार्वजनिक खर्च तथा वित्तीय पारदर्शिताका सम्बन्धमा सुचना प्रवाह गर्ने, पेफा सुचकहरुको माध्यमबाट सरकारी वित्तीय अवस्थाको चित्रण गर्ने, पेफा संरचना प्रति स्थानीय सरोकारवालाहरुको अपनत्व बढाउने र सरोकारवालाहरुको पृष्ठपोषण लिने उद्देश्यहरु रहेका थिए ।

**(ख) जिल्लास्तरीय पेफा अभिमुखीकरण गोष्ठी(२०७० आषाढ १७)**

**स्**थानीयस्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न गराउनका लागि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुऱ्याउने, यस विषयको सुचकहरुको माध्यमबाट सार्वजनिक क्षेत्रको वित्तीय अवस्थाको चित्रण गरी सरकारको यथार्थ गराउने तथा सार्वजनिक खर्च तथा वित्तीय पारदर्शिताका सम्बन्धमा सूचना प्रवाह गर्न सहयोग पुऱ्याउने तथा यस विषयमा सरोकारवालाहरुको पृष्ठपोषण लिने उद्देश्यले आयोजनामा एक दिवसीय अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । यस कार्यक्रममा राजनैतिक दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुखहरु तथा लेखा प्रमुखहरु, सार्वजनिक संस्थानका जिल्लास्थित प्रमुखहरु, नागरिक समाज र गै.स.स.का प्रतिनिधिहरु, पत्रकारहरु र उद्योग वाणिज्य संघका प्रतिनिधिहरु पदाधिकारी तथा प्रतिनिधिहरुलाई सहभागी गराईको थियो ।

**(ग) जिल्ला पेफा कार्यान्वयन इकाईबाट जिल्ला कार्यालयबाट सञ्चालित आयोजनाहरुको अनुगमन**

- **जिल्ला कृषि विकास कार्यालयका आयोजना:–** साना सिचाँई तथा सहकारी सिचाँइ कार्यक्रम, सहकारी खेतीमा आधारित स्कीम र कृषी प्रसार कार्यक्रम तथा जौबारी आलु खेती विकास केन्द्रको प्रयोगहिन जग्गाको उपयोगका लागि स्थलगत अध्ययनमा सहभागिता जनाएको ।
- **इलाम नगरपालिका कार्यालय:–** गौतम बुद्ध सभागृह निर्माण कार्यक्रम, सितलचौक पिपलबोटे कालोपत्रे बाटो निर्माण कार्यक्रम र पदमबहादुर देवान मार्ग स्तरोन्नति कार्यक्रम
- **जिल्ला पशु विकास कार्यालय:–** पशु विकासका लागि नश्ल सुधार कार्यक्रम र बृहत्तर गााइपालन कार्यक्रम
- **डिभिजन सहकारी कार्यालय:–** सुपथ मुल्य पसल कार्यक्रम, चुलाचुली
- **ग्रामीण पुननिर्माण तथा पूनस्थापना आयोजना :–** चिसापानी दानाबारी सडक योजना र मंगलबारे धुसेनी सडक योजना

- **जिल्ला  विकास समितिको कार्यालय:–** खुला दिसा मुक्त कार्यक्रममा साँखेजुङ्ग, फिक्कल, सुलुबङ्ग, जौबारी, चुलाचुली, दानाबारी लगायतका गाविसहरूमा भए गरेका काम, फिक्कल ल्याण्डफिल्ड साइड तथा  फिक्कल अन्तु कृषि योजना
- **डिभिजन सडक कार्यालय :–** नेपालटार मंगलबारे सडक योजना, फिक्कल श्रीअन्तु सडक योजना र देउमाइ पुल
- **जिल्ला जनस्वास्थ्य कार्यालय:–** हाती पाइले विरुद्धको खोप कार्यक्रमको जौवारी र मंगलबारे गाविस तथा दादुरा रुबेला विरुद्धको खोप कार्यक्रमको फिक्कल, पशुपतिनगर र आइतबारे गाविस
- **शहरी विकास तथा भवन डिभिजन कार्यालय:–** कोष तथा लेखा नियन्त्रक कार्यालय, इलामको कार्यालय भवन, प्राथमिक स्वास्थ्य केन्द्र भवन

### (घ) जिल्ला पेफा कार्यान्वयन इकाईबाट पेफा सम्बन्धी जानकारीमूलक प्रचार सामग्री निर्माण तथा प्रचार प्रसार

जिल्ला पेफा कार्यान्वयन इकाईबाट पेफासम्बन्धी जानकारीमूलक प्रचार सामग्री निर्माण गरी फ्लेक्समा छपाई जिल्ला विकास समितिको कार्यालय, जिल्ला  प्रशासन कार्यालय, स्थानीय महेन्द्र बहुमुखी क्याम्पस र कोष तथा लेखा नियन्त्रक कार्यालयमा सर्वसाधारणले देख्ने गरी राखिएको छ। यस कार्यक्रममा रु.१६,५२०।०० खर्च भएको छ।

### (ङ) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको ढाँचाहरु निर्माण र सोही ढाँचा प्रतिवेदन

आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६८ मा नरहेका तर सरकारी कारोबारको आन्तरिक लेखापरीक्षण पछि गर्नैपर्ने राजस्व, धरौटी, कार्यसञ्चालन कोष, हुलाक बचत बैंक र धनादेशको आन्तरिक लेखापरीक्षण प्रतिवेदनको ढाँचाहरु निर्माण गरी सोही ढाँचामा नै आ.व.२०६८/०६९ देखि प्रतिवेदन शुरु गरिएको छ । ती प्रतिवेदनहरुलाई आ.व.२०६९/०७० देखि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयमा लागु गर्ने गरी महालेखा नियन्त्रक कार्यालयबाट परिपत्र समेत भएको छ।

### (च) जिल्ला विकास समितिमा पेफा लेखाजोखा तथा कार्य योजना निर्माणमा सहयोग

जिल्ला पेफा कार्यन्वयन ईकाईका संयोजक नै अध्यक्ष रहेको जिल्ला विकास समिति, इलाममा  जिल्ला पेफा समन्वय समिति गठन भएको छ । जसमा प्रमुख इन्जिनियर, जिल्ला प्राविधिक कार्यालय, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, योजना तथा प्रशासकीय अधिकृत, जि.वि.स,सदस्य तथा आर्थिक प्रशासन शाखाको प्रमुख, जि.वि.स, सदस्यसचिव रहेका छन । यसै समितिको अगुवाईमा जिल्ला विकास समितिमा पेफा लेखाजोखा तथा सार्वजनिक खर्च एवम् वित्तीय उत्तरदायित्व र वित्तीय जोखिम न्यूनीकरण कार्य योजना तयार गरेको छ । यसै समितिको पहलमा जिविसका कर्मचारीहरु, गाविसका सचिवहरु, निक्षेपित कार्यक्रम सञ्चालन गर्ने कार्यालयका प्रमुख, राजनितिक दलका जिल्लास्थित पदाधिकारीहरु तथा पत्रकारहरु समेतलाई  सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुऱ्याउन र यस विषयमा सरोकारवालाहरुको पृष्ठपोषण लिने उद्देश्यले एक दिवसीय अभिमूखीकरण कार्यक्रम २ पटक आयोजना गरियो।

### (छ) कोष तथा लेखा नियन्त्रक कार्यालय, इलामको नवनिर्मित भवन उद्घाटनको कार्यक्रम

**को**ष तथा लेखा नियन्त्रक कार्यालय, इलामलाई भौतिक रुपमा सुविधा सम्पन्न बनाउनका लागि एक सुविधा सम्पन्न भवन निर्माण भएको छ । उक्त नवनिर्मित भवनको एक समारोह बीच २०७० श्रावण ३०, बुधबारका दिन सो समारेहका प्रमुख अथिति एवम् महालेखा नियन्त्रक श्री सुमनप्रसाद शर्मा उद्घाटन गर्नुभयो । सो उद्घाटन

कार्यक्रमको अध्यक्षता श्री बाबुराम खतिवडा, प्र.जि.अ.कार्यक्रमको संक्षिप्त परिचय सहित श्री भेषप्रसाद भुर्तेल, प्रमुख कोष नियन्त्रक स्वागत गर्नु भएको थियो भने श्री राजेन्द्र बज्राचार्य, सहमहालेखा नियन्त्रक र माननीय मुख्य न्यायाधिश श्री गोविन्दकुमार उपाध्याय, इलाम पुनरावेदन अदालत शुभकामना मन्तव्य दिनुभएको थियो । यस कार्यक्रममा रु.३१,५६७०० खर्च भएको छ ।

### ( ज) वित्तीय उतरदायित्व प्रर्वद्धनका लागि बेरुजूको जिल्लागत लगत संकलन र सो उपरको कारबाहीको अभिलेख

वित्तीय उतरदायित्व प्रर्वद्धनका लागि बेरुजूको जिल्लागत लगत संकलन गरी जिल्लास्थित सरकारी कार्यालयहरुको अभिलेख तयार गरिएको छ । आगामी महिनादेखि मासिक रुपमा सो उपरको कारबाहीको प्रतिवेदन गर्नुपर्ने व्यवस्थाका लागि कार्यालयबाट पहल गरिने छ । यस कार्यबाट बेरुजू फछ्यौट कार्यमा सहयोग पुग्न गई वित्तीय उतरदायित्व प्रर्वद्धन गर्न आधारभुत तह जिल्लामा नै सकरात्मक शुरुवात हुनेछ ।

### ( झ ) आर्थिक वर्ष २०६९र ०७० को इलाम जिल्लाको बजेट कार्यान्वयनको सार्वजनिकरण गर्ने कार्यक्रम

आर्थिक वर्ष २०६९र ०७० को इलाम जिल्लाको बजेट कार्यान्वयनको सार्वजनिकरण गर्ने कार्यक्रम प्र.जि.अ.श्री बाबुराम खतिवडा उपस्थितिमा मिति २०७० आषाढ ३१ सोमबार कोष तथा लेखा नियन्त्रक कार्यालय,इलाम सम्पन्न भयो । बजेट खर्च, राजस्व, धरौटी र कार्यसञ्चालन कोष लगायतका आर्थिक वर्ष २०६९।७० मा भएको सरकारी कारेबारको जनकारी गराइएको थियो । जिल्लास्थित विभिन्न सञ्चार माध्याममा संलग्न पत्रकारहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख कोष नियन्त्रकको प्रस्तुतिकरणमा सरकारी कारोबारको गत आ.व. र यस आ.व.को तुलना, यस आ.व.को बजेट र खर्चको तुलना, बजेट खर्च श्रोतगत हिसावले तुलना, सबै भन्दा बढी खर्च गर्ने तथा राजस्व आर्जन गर्ने कार्यालयहरुको तुलनात्मक विवरणहरु सार्वजनिक गरिएको थियो ।

आर्थिक बर्षको कारोबार गर्ने समय समाप्त हुने वित्तिकै शुरु भएको कार्यक्रममा गरिएका विवरणले कोष तथा लेखा नियन्त्रक कार्यालयमा भएको सुचना प्रविधिको उपयोग तथा यसको प्रतिफलका रुपमा प्रस्तुत विवरणबाट सबै सञ्चारकर्मीहरुलाई चकित पारेको थियो । २०७० श्रावण १ स्थानीय सबै सञ्चार माध्यामले मुख्य समाचारका रुपमा उक्त विषयलाई समाचार बनाएका थिए । त्यसरी नै स्थानीय एक एफ.एम.ले आर्थिक वर्ष २०६९र ०७० को इलाम जिल्लाको बजेट कार्यान्वयनका सम्बन्धमा जनतालाई बढी सूचना दिने भनी १ धण्टाको प्रत्यक्ष सम्वाद कार्यक्रममा प्रमुख कोष नियन्त्रकबाट थप जानकारी दिने अवसरको उपयोग भयो ।

### (ञ) जिल्ला पेफा कार्यान्वयन इकाइ गठन लगायतका अन्य गतिविधि

पेफा सचिवालयको मिति २०६८।०९।१८ को पत्र अनुसार जिल्ला पेफा कार्यान्वयन इकाइ , इलामको मिति २०६९।०१।१४ गठन भयो । विभिन्न पदाधिकारी कर्मचारीहरुको सरुवाका कारण ५ पटक पुर्नगठन भएको छ भने एक पटक पेफा सचिवालयको २०६९।०७।२० को पत्र अनुसार २०६९।११।१७ नागरिक समाजका तर्फबाट श्री धर्म गौतम तथा इलाम उद्योग वाणिज्य सघंको अध्यक्ष श्री सुसिला सापकोटा सदस्य रहने गरी पुर्नगठन गरियो । आ.व.२०६९।७०मा ९ वटा नियमित बैठक भएका छन् । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सार्वजनिक खरिद सम्बन्धी अल्पकालीन तालिम, राजस्व प्रशासन तालिम केन्द्रबाट कर कट्टी लगायतका विषयमा अल्पकालीन तालिम, कोष तथा लेखा नियन्त्रक कार्यालयको आयोजनामा करदाता सेवा कार्यालयमा समेत गरी ३ पटक eTDS सम्बन्धी कार्यशालाको आयोजना भएका छन् ।

# PFM/PEFA सम्वन्धी राष्ट्रिय तालीम

सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वका क्षेत्रमा सहजीकरण गर्ने दक्ष मानवीय श्रोतको विकास गर्ने र यस सम्वन्धमा साझा वुझाईको विकास गर्ने मुख्य उद्देश्यले पेफा सचिवालयको आयोजनामा मिति २०७०/२/३० देखि २०७०/३/१ सम्म धुलिखेलमा ३ दिने PFM/PEFA सम्वन्धी राष्ट्रिय तालिम संचालन गरियो । उक्त तालीम कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा कार्यरत निम्नानुसारको रा.प.तृतीय तथा द्वितीय श्रेणीका कर्मचारीहरुको सहभागिता रहेको थियो :

- अर्थ मन्त्रालयबाट -१ जना
- राष्ट्रिय योजना आयोगबाट -१ जना
- महालेखा नियन्त्रक कार्यालयबाट -९ जना
- महालेखा परीक्षक कार्यालयबाट - २ जना
- कोष तथा लेखा नियन्त्रक कार्यालयबाट -८ जना
- सार्वजनिक खरिद अनुगमन कार्यालय -१ जना
- आन्तरिक राजस्व विभाग -१ जना
- राजस्व प्रशासन तालीम केन्द्र -१ जना र
- विषयगत मन्त्रालयबाट -६ जना





तीन दिन सम्म संचालन भएको उक्त तालीम कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापनको वर्तमान अवस्था, सुधारका कार्यक्रमहरु तथा भावी कार्यदिशाको सम्वन्धमा एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सूचकहरुको सम्वन्धमा कक्षा संचालन गरिएको थियो । उक्त तालीम कार्यक्रमको उद्देश्य दोश्रो पेफा मूल्यांकन (Second PEFA Assessment) को लागि सम्भावित मूल्यांकनकर्ता (Potential Assessors) हरु विकास गर्नु पनि रहेकाले कक्षा संचालनमा पेफा सूचकहरुको मापन पद्दति र प्रक्रियाको सम्वन्धमा विशेष जोड दिइएको थियो । वित्तीय उत्तरदायित्वको प्रवर्द्धन, सुशासनको सुदृढीकरण तथा दिगो र प्रणालीगत सुधार मार्फत समग्र वित्तीय व्यवस्थापनको सुदृढीकरण सुनिश्चित गर्ने दिशामा उक्त कार्यक्रमले थोरै भए पनि योगदान पुऱ्याएको छ भन्ने सचिवालयको निस्कर्ष रहेको छ ।

## PFM/PEFA विषयक प्रशिक्षक प्रशिक्षण (ToT) संचालन

मन्त्रालयस्तरका पेफा कार्यान्वयन इकाई (PIUs) र जिल्लास्तरका जिल्ला पेफा कार्यान्वयन इकाई (DPIUs) मा कार्यरत कर्मचारीहरुलाई तालीम दिई सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व संरचना (PEFA Framework) को आवधारणालाई विषयगत निकाय लगायत स्थानीयस्तर सम्म आन्तरीकीकरण गर्न एवं दोश्रो पेफा मूल्यांकन (Second PEFA Assessment) को संचालनमा समेत सघाउ पुऱ्याउने उद्देश्यले पेफा सचिवालयको आयोजना तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको संयोजनमा मिति २०७०/२/६ देखि २०७०/२/१७ सम्म १० कार्य दिनको PFM/PEFA विषयक प्रशिक्षक प्रशिक्षण (ToT) संचालन गरियो ।



उक्त कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयबाट ५ जना, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट ५ जना, पेफा सचिवालयबाट ४ जना र अन्य विषयगत मन्त्रालयबाट ६ जना गरी २० जना अधिकृतस्तरका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

१० कार्य दिन र ३० सेसन रहेको उक्त तालीम कार्यक्रममा तालीम संचालनको आधारभूत सीपका लागि २० सेसन र PFM/PEFA को अवधारणाको लागि १० सेसन छुट्याइएको थियो ।



तालीम कार्यक्रमको उक्त १० सेसनमा सार्वजनिक वित्तीय व्यवस्थापनका निम्न ६ वटा कार्यसम्पादन आयामहरु संग सम्वन्धित २८ तथा दाताको व्यवहारसंग सम्वन्धित ३ गरी ३१ वटा पेफा सूचकहरुमा आधारित भएर गरिने सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मूल्यांकनको विधि र प्रक्रियाको वारेमा विस्तृत जानकारी दिने गरी कक्षा संचालन गरिएको थियो ।

यसका लागि पहिलो PEFA Assessment का सक्रीय सहभागी हुनु भएका व्यक्तिहरुलाई नै श्रोत व्यक्तिको रुपमा आमन्त्रण गरिएको थियो ।

# पेफा सचिवालय र आर्थिक पत्रकारहरुबीच सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्वन्धी अन्तरक्रिया कार्यक्रम



समाचार माध्यमबाट आम जनतालाई सुसूचित गर्न तथा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सिर्जना गर्न पत्रकारहरुको महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक पत्रकारहरुलाई सार्वजनिक खर्च व्यवस्थापनका लागि भइरहेका पहलहरुबारे जानकारी होस् र त्यस्ता विषयहरुमा समाचार सम्प्रेषण भई आम मानिसहरुले बुझ्न सकुन् भन्ने उद्देश्यले २०७० जेठ २१ गते पेफा सचिवालय र आर्थिक पत्रकारहरुबीच सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्वन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा देशका प्रमुख सञ्चारमाध्यम (अखबार, रेडियो, टीभी तथा अनलाइन) का ३५ जनाभन्दा बढी आर्थिक पत्रकारहरु तथा महालेखा नियन्त्रक कार्यालय र पेफा सचिवालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सचिवालयको तर्फवाट पेफा सचिवालय संयोजक श्री राजेन्द्र बज्राचार्यले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार प्रयास र यसको कार्यदिशा विषयक कार्यपत्र र सदस्य सचिव श्री बाबुराम सुवेदीले सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादन मापन संयन्त्र र सूचकहरु विषयक कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । त्यस्तै आर्थिक पत्रकारहरुको तर्फवाट पूर्व महासचिव, सेजन श्री मधुसुदन पौडेलले आर्थिक पत्रकारको आँखामा सार्वजनिक खर्च व्यवस्थापन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सह महालेखा नियन्त्रक श्री अर्जुनकुमार पोखरेलले वित्तीय उत्तरदायित्व र खर्च अनुशासन सम्बन्धमा मन्तब्य र सेजनका अध्यक्ष श्री प्रदीप चापागाइले सार्वजनिक खर्च व्यवस्थापनमा भएका सरकारका प्रयास र आर्थिक पत्रकारको भूमिका विषयमा मन्तव्य दिनुभएको थियो ।




अन्तरक्रिया सत्रमा राखिएका जिज्ञासाहरुको सम्बन्धमा निमित्त महालेखा नियन्त्रक श्री अर्जुनकुमार पोखरेल, पेफा सचिवालय संयोजक, सहमहालेखा नियन्त्रक श्री राजेन्द्र बज्राचार्य र सदस्य सचिव श्री बाबुराम सुवेदी तथा सेजनका पूर्व महासचिव मधुसुदन पौडेलले प्रष्ट पार्नुभएको थियो ।

## आर्थिक पत्रकारहरुलाई सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्वन्धी तालीम प्रदान

सार्वजनिक वित्तीय व्यवस्थापनको सम्बन्धमा आर्थिक पत्रकारहरुमा साझा बुझाइ विकास गर्ने, पेफा संरचना तथा मुल्यांकन विधिको सम्बन्धमा जानकारी गराउने, सार्वजनिक वित्तीय व्यवस्थापनमा महालेखा नियन्त्रक कार्यालयको भूमिकाको बारेमा जानकारी गराउने, सार्वजनिक वित्तीय व्यवस्थापनको बाह्य निरीक्षण तथा लेखा परीक्षण पद्धतिको सम्बन्धमा जानकारी गराउने लगायतका उद्देश्यहरु पुरा गर्न पेफा सचिवालयले २०७०, जेठ २४ र २५ धुलिखेलमा आर्थिक पत्रकारहरुलाई सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्वन्धी तालिम प्रदान गरेको थियो । तालिम देशका प्रमुख सञ्चारमाध्यम (अखबार, रेडियो, टीभी तथा अनलाइन) का ४० जना आर्थिक पत्रकारहरुलाई प्रदान गरिएको थियो । तालिम कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयबाट सह महालेखा नियन्त्रक श्री अर्जुन पोखरेल, पेफा सचिवालयबाट सचिवालयका संयोजक श्री राजेन्द्र वज्राचार्य र सदस्य सचिव श्री बाबुराम सुवेदी र महालेखा परिक्षक कार्यालयबाट निर्देशक श्री घनश्याम पराजुली श्रोत व्यक्तिको रुपमा उपस्थित हुनुहुन्थ्यो । तालिम पश्चात पत्रकारहरुले सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी निकै जानकारी हासिल गरेको प्रतिक्रिया दिएका थिए र यसलाई प्राथमिकताका साथ पत्रपत्रिकामा छापिएको थियो ।





**कार्यक्रमका केही झलकहरु**

## दोश्रो पेफा मूल्यांकन सम्वन्धी सुचना आदानप्रदान सेमिनार सम्पन्न



सन् २०१४ सम्ममा सम्पन्न गर्नुपर्ने दोश्रो पेफा मूल्यांकनको लागि पहिलो पेफा मूल्यांकनका मूल्यांकनकर्ताहरुको कार्यानुभव तथा पृष्ठपोषणको पनि ठूलो भुमिका रहने हुनाले २०७० असार २८ गते शुक्रवार होटल हिमालयन, ललितपुरमा सम्पन्न भएको छ । पहिलो पेफा मूल्यांकन प्रक्रियालाई कसरी अगाडि वढाइएको थियो, त्यस क्रममा के कस्ता चुनौतिहरुको सामना गर्नु परेको थियो, समस्यालाई कसरी सामना गरियो, हालको अवस्थामा यो प्रक्रियालाई कसरी अगाडि वढाउन उपयुक्त हुन्छ, के कस्ता चुनौतीहरु विद्यमान छन्, त्यस्ता चुनौतीहरुको कसरी सामना गर्नु पर्ला जस्ता विषयमा यस सेमिनारमा पूर्व मूल्यांकनकर्ताहरुका विचार तथा अनुभव आदान प्रदान गरिएको थियो । अव हुने पेफा मूल्यांकनका सम्भावित मूल्यांकनकर्ताहरु पनि छनौट गरी मूल्यांकन पक्रिया अगाडी वढाउनु पर्ने भएकाले यो कार्यक्रम महत्वपूर्ण सावित भएको थियो । कार्यक्रममा सन् २००८ का मूल्यांकनकर्ता लगायत पेफा कार्य समितिका सदस्यहरुको पनि उपस्थिति थियो ।

कारोबार राष्ट्रिय आर्थिक दैनिक
बुधवार, २२ जेठ २०७०



# पुँजीगत खर्च शतप्रतिशत बनाउन निर्देशन

कारोबार संवाददाता

काठमाडौं, २१ जेठ

अर्थमन्त्री शंकरप्रसाद कोइरालाले पुँजीगत खर्च शतप्रतिशत पुऱ्याउन सबै मन्त्रालयका सचिवलाई निर्देशन दिएका छन् । पुँजीगत खर्चको बजेट बढी भएका मन्त्रालयको प्रगति र समस्याका सम्बन्धमा जानकारी लिँदै अर्थमन्त्रीले एक वर्षमा तीनपटक बजेट आए पनि खर्चको गति बढ्नु सकारात्मक भएको टिप्पणी गरे ।

मन्त्रालयहरूको पुँजीगत खर्चको स्थितिबारे अर्थ मन्त्रालयमा आयोजित छलफलमा कोइरालाले आन्तरिक शीर्षकमा समायोजन गरेर भए पनि पुँजीगत खर्च बढाउनुपर्नेमा जोड दिए । "पैसा नपुगे योजना महाशाखाका प्रमुखहरूलाई अर्थ मन्त्रालयसँग समन्वय गराउनुस् । ठेकेदारलाई ताकेता गर्न नछाड्नुहोला," उनले भने, "पुँजीगत खर्चमा बजेट कम हुने देखिए थप बजेट माग्नुहोस् तर आर्थिक वर्षको अन्तसम्म न्यूनतम ९० प्रतिशत प्रगति हासिल हुनुपर्छ ।" विकास निर्माणका कामलाई प्रभावकारी रूपमा अघि बढाउन समन्वयकारी भूमिका आवश्यक रहेको पनि उनले बताए ।

कार्यक्रममा अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले आर्थिक वर्षको अन्त्यमा प्रतिशत पुऱ्याउने नाममा गरिने कामले सकारात्मक सन्देश नजाने बताए । उनले हतारमा काम गर्दा गुणस्तर र पारदर्शिता दुवै नहुने भएकाले बचेत भएर काम अघि बढाउन सल्लाह दिए ।

अर्थ सचिव शान्तराज सुवेदीले आर्थिक वर्षको अन्त्यसम्मका लागि चाहिने रकम राखेर बाँकी पैसा अर्थ मन्त्रालयमा पठाउन मन्त्रालयहरूलाई आग्रह गरे । "मन्त्रालयबाट फिर्ता आएको रकम अपुग ठाउँमा सदुपयोग गरिनेछ," उनले भने, "पुँजीगत खर्चको अनुगमन बढाउनुहोस् ।"

वार्षिक बजेटको तुलनामा वैशाखसम्ममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २१, सहरी विकास मन्त्रालयले २५, सिँचाइ मन्त्रालयले ५०, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ४० र शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २५ प्रतिशत प्रगति हासिल गरेका छन् । यसैगरी गृह मन्त्रालयले २३, वन तथा भू-संरक्षण मन्त्रालयले ४२, रक्षा मन्त्रालयले २०, कृषि विकास मन्त्रालयले २३, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले १०, संघीय तथा स्थानीय विकास मन्त्रालयले ४२ र निर्वाचन आयोगले २ प्रतिशत खर्च पुऱ्याएका छन् ।

छलफलमा विभिन्न मन्त्रालयका सचिवहरूले खर्च हुने ठाउँमा शीर्षकमा रकम रहेकाले खर्चमा समस्या परेको बताएका थिए । आन्तरिक रकम समायोजनमा सघाउन उनीहरूले अर्थ मन्त्रालयलाई आग्रह गरेका छन् ।

उनीहरूले केही आयोजनामा पुँजीगत बजेट कम हुने भएकाले थप गर्नुपर्ने र खर्च बचत हुने शीर्षकबाट बढी खर्च हुने शीर्षकमा रकमान्तर गरी अर्थ मन्त्रालयले सहजीकरणको भूमिका खेल्न आग्रह गरेका थिए ।

## ४० दिनमा ६१ प्रतिशत पुँजीगत खर्च

सरकारले आर्थिक वर्षको अन्त्यमा पुँजीगत बजेट खर्चलाई निरुत्साहन गर्ने नीति लिएको भए पनि चालू आवको ४० दिनमा करिब ६१ प्रतिशत खर्च गर्ने योजना अघि सारेको छ ।

चालू आवमा ६६ अर्ब १३ करोड पुँजीगत बजेट विनियोजन भएकोमा जेठ २० सम्म २६ अर्ब खर्च भएको कायममुकायम महालेखा नियन्त्रक अर्जुनप्रसाद पोखरेलले जानकारी दिए । खर्च भएको रकम विनियोजित रकमको ३९ प्रतिशतमात्रै हो ।

यस अवधिमा वित्तीय व्यवस्थाअन्तर्गत २६ अर्ब र चालू खर्च १ खर्ब ७८ अर्ब गरी २ खर्ब ३० अर्ब रुपैयाँ खर्च भएको छ । सरकारले चालू आवमा ४ खर्ब ४ अर्ब ८२ करोडको बजेट ल्याएको थियो ।

कुल खर्चका आधारमा पनि सरकारले शतप्रतिशत खर्च गर्ने लक्ष्य लिएर अघि बढे अबको ४० दिनमा कुल बजेटको ४३ प्रतिशत खर्च हुनेछ । सरकारले यसअघि नै आवको अन्तिम तीन महिनामा ४० प्रतिशत र असारमा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था गरेको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयले मंगलबार आयोजना गरेको 'सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व' सम्बन्धी कार्यक्रममा पोखरेलले पेफाले जनताको सन्तुष्टि र व्यवसायमा कम लागतलाई ध्यान दिँदै योजना निर्माण, कार्यान्वयन र लेखापरीक्षणका अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास (बेस्ट प्राक्टिसेस) र अन्तर्राष्ट्रिय मापदण्डलाई उपयोग गरिरहेको बताए ।

सार्वजनिक वित्तीय व्यवस्थापनमा सहयोग गर्ने दाताहरूको ४ करोड ३० लाख अमेरिकी डलरको सहयोगमा 'मल्टी डोनर ट्रस्ट फन्ड' (एमडीटीएफ) पनि स्थापना गरी हरेक जिल्लामा एकल खाता कोष (ट्रेजरी सिंगल एकाउन्ट- टीएसए) लागू गर्ने, सार्वजनिक र निजी क्षेत्रमा वित्तीय लेखांकन तथा प्रतिवेदन प्रणालीको सदृढीकरण र पेफा सचिवालयको क्षमता विकासका काम अघि बढाइएको छ ।

पेफाले लेखा प्रणालीमा एकरूपता ल्याउन एकल खाता कोष ६० जिल्लामा लागू गरिसकेको छ । आगामी आवदेखि सोलुखुम्बु, मनाङ, मुस्ताङ, जाजरकोट, जुम्ला, बैतडी, रोल्पा, रुकुमलगायतका १५ जिल्लामा एकल खाता कोष सञ्चालनमा ल्याउने पेफाले जनाएको छ । कोषले सरकारी खर्चको ९५ प्रतिशत र ९७ प्रतिशत राजस्व संकलनलाई समेटेको छ ।

---

# सार्वजनिक खर्च पारदर्शीमा जोड

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** २१ जेठ : सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) ले सार्वजनिक खर्चको पारदर्शी तथा उत्तरदायी उपयोगका लागि चेतना अभिवृद्धि र क्षमता विकासलाई जोड दिएको छ ।

सार्वजनिक वित्तको व्यवस्थापन सार्वजनिक जवाफदेहितासँग निहित रहेकोले सार्वजनिक खर्चको सुधारका लागि आर्थिक अनुशासन, स्रोत साधनको रणनीतिक तथा पारदर्शी वितरण र वित्तीय जोखिम न्यूनीकरणका उद्देश्यअनुरूप काम गरिरहेको सहमहालेखा नियन्त्रक तथा पेफा समितिका संयोजक राजेन्द्र बज्राचार्यले बताए ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र पेफा सचिवालयले मंगलवार संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा सहमहालेखा नियन्त्रक बज्राचार्यले वित्तीय व्यवस्थापन सुधार कार्यक्रम पहिलो चरणको रणनीति सन् २०१० देखि सन् २०१३ सम्म कार्यान्वयनमा रहेको जानकारी दिए । यसको कार्यान्वयनमा सरकारले आर्थिक प्रशासन सुधार कार्यक्रमअन्तर्गत स्रोत विनियोजन गरी पहिलो प्राथमिकताको आयोजनाका रूपमा कार्यान्वयन अघि बढाइरहेको छ । पेफा सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउने आधारभूत संयन्त्रको रूपमा विकास गरिएको हो । विश्वव्यापी रूपमा सार्वजनिक वित्त व्यवस्थापन सुधारको एजेन्डाका रूपमा यसलाई स्वीकार गरिएको छ ।

पेफा कार्यविधिअनुसार सार्वजनिक वित्त व्यवस्थापनमा बजेटको विश्वसनीयता, पारदर्शिता, बजेटको कार्यान्वयन, लेखाव्यवस्थापन तथा वित्तीय प्रतिवेदन प्रणाली, सार्वजनिक लेखापरीक्षण तथा दाताको व्यवहार सम्बन्धित विभिन्न ३१ वटा सूचकका आधारमा सार्वजनिक खर्चको मूल्यांकन हुँदै आएको जनाइएको छ । यस्तो मूल्यांकन यसअघि सन् २००८ मा सम्पन्न भएको थियो ।

सार्वजनिक वित्तीय व्यवस्थापनमा सहयोग गर्ने दाताको सहयोगमा 'मल्टी डोनर ट्रष्ट फन्ड' पनि स्थापना भएको छ । यसबाट चार करोड ३० लाख अमेरिकी डलरको सहयोग प्राप्त हुनेछ । सार्वजनिक वित्त व्यवस्थापन सुधारका लागि हरेक जिल्लामा एकल खाता कोष लागू गर्ने, सार्वजनिक र निजी क्षेत्रमा वित्तीय लेखांकन तथा प्रतिवेदन प्रणालीको सदृढीकरण र पेफा सचिवालयको क्षमता विकासका काम अघि बढाइएको जानकारी दिइएको छ ।

---

www.aarthikdainik.com.np



# [...] खाता कोष साउनदेखि ७५ वटै जिल्लामा




■ आर्थिक संवाददाता

काठमाडौं, जेठ २१

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) ले आगामी साउन महिनादेखि एकल खाता कोषप्रणाली ७५ वटै जिल्लामा लागू गर्ने भएको छ । हाल ६० वटा जिल्लामा लागू भइसकेको र १५ वटा जिल्लामा विभिन्न कारणले केही ढिला भएकोले साउन १ गतेबाट सो जिल्लामा पनि लागू हुने निमित्त महालेखा नियन्त्रक अर्जुन प्रसाद पोखरेलले बताउनुभयो ।

यो प्रणाली लागू भएपछि सबै जिल्लाको सार्वजनिक क्षेत्रमा भएको खर्च सजिलै हेर्न सकिने छ, नियन्त्रक पोखरेलले भन्नुभयो । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) भित्र ठूलो क्षेत्र समेटिने भएकोले सार्वजनिक खर्चको पारदर्शी तथा उत्तरदायी उपयोगका लागि चेतना अभिवृद्धि र क्षमता विकासलाई जोड दिँदै आएको छ, जसमा सार्वजनिक वित्त व्यवस्थापनमा बजेटको विश्वसनीयता, पारदर्शिता, बजेटको कार्यान्वयन, लेखाव्यवस्थापन तथा वित्तीय प्रतिवेदनप्रणाली, सार्वजनिक लेखापरीक्षण तथा दाताको व्यवहारसम्बन्धित विभिन्न ३१ वटा सूचकका आधारमा सार्वजनिक खर्चको मूल्यांकन हुँदै आएको उहाँले बताउनुभयो ।

त्यसैगरी सार्वजनिक वित्तको व्यवस्थापन सार्वजनिक जवाफदेहितासँग निहित रहेकोले सार्वजनिक खर्चको सुधारका लागि आर्थिक अनुशासन, स्रोत साधनको रणनीतिक तथा पारदर्शी वितरण, सार्वजनिक सेवा प्रवाहमा सुधार र वित्तीय जोखिम न्यूनीकरणका उद्देश्यअनुरूप काम गरिरहेको सह-महालेखानियन्त्रक तथा पेफा समितिका संयोजक राजेन्द्र बज्राचार्यले बताउनुभयो ।

वित्तीय व्यवस्थापन सुधार कार्यक्रम पहिलो चरणको रणनीति (सन् २०१०-१३) कार्यान्वयनमा रहेकोसमेत संयोजक बज्राचार्यले बताउनुभयो । "यसको कार्यान्वयनमा सरकारले आर्थिक प्रशासन सुधार कार्यक्रमअन्तर्गत स्रोत विनियोजन गरी पहिलो प्राथमिकताको आयोजना (पी १ प्रोजेक्ट) कोरूपमा कार्यान्वयन अघि बढाइरहेको छ," उहाँले भन्नुभयो ।

सोमबार नेपाल आर्थिक पत्रकार समाज (सेजन) र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयले संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा उहाँहरूले सो कुरा बताउनु भएको हो । सोही अवसरमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयका सचिव बाबुराम सुवेदीले सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादन मापन संयन्त्र र सूचकहरूबारे कार्यपत्र प्रस्तुतसमेत गर्नुभएको थियो ।

विश्वव्यापीरूपमा सार्वजनिक वित्त व्यवस्थापन सुधारको एजेण्डाका रूपमा पेफालाई स्वीकार गरिएकाले भएकोले नेपालमा पनि सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउने आधारभूत संयन्त्रको रूपमा विकास गरिएको हो ।

---

# आगामी आवदेखि सबै जिल्लामा एकल खाता

नयाँ पत्रिका

काठमाडौं, २१ जेठ

सरकारले आगामी आवदेखि सबै जिल्लामा एकल खाता कोष (टिएसए) लागू गर्ने भएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा)ले मंगलबार राजधानीमा गरेको छलफलमा निमित्त महालेखा नियन्त्रक अर्जुनप्रसाद पोखरेलले १ साउनदेखि ७५ जिल्लामा टिएसए लागू गर्ने तयारी थालिएको बताएका हुन् । सरकारले हाल ६० जिल्लामा टिएसए लागू गरिसकेको छ ।

जिल्लाका सबै सरकारी खर्च एकै खाता प्रणालीबाट गएपछि पारदर्शी देखिनेछ । कार्यक्रममा पेफा समिति संयोजक तथा सह-महालेखा नियन्त्रक राजेन्द्र बज्राचार्यले वित्तीय जोखिम न्यूनीकरणका लागि पेफाले काम गरेको जानकारी दिए ।

पेफा कार्यविधिअनुसार सार्वजनिक वित्त व्यवस्थापनमा बजेटको विश्वसनीयता, पारदर्शिता, बजेट कार्यान्वयन, लेखाव्यवस्थापन तथा वित्तीय प्रतिवेदन प्रणाली, सार्वजनिक लेखापरीक्षण तथा दाताको व्यवहारसम्बन्धी विभिन्न ३१ सूचकका आधारमा सार्वजनिक खर्चको मूल्यांकन हुँदै आएको छ ।

यस्तो मूल्यांकन यसअघि सन् २००८ मा सम्पन्न भएको थियो । पेफा कार्यान्वयनका लागि मन्त्रालयमा पेफा कार्यान्वयन इकाइ (पिआइयू) गठन गरिएको छ ।


कान्तिपुर | बुधबार, २२ जेठ २०७० (Wednesday, June 5, 2013)

## संसद् अभावमा अनुत्तरदायी खर्चको सम्भावना

कान्तिपुर संवाददाता


समाचार

## परीक्षणका रूपमा २ मन्त्रालयमा नेप्सास


निर्वाचित निकाय नहुँदा

## खर्च नियन्त्रणमा समस्या

नागरिक संवाददाता



## पारदर्शिताप्रति प्रतिबद्धता व्यक्त

गोरखापत्र समाचारदाता



## साउनदेखि १५ जिल्लामा एकल खाता कोष प्रणाली



## विकास तथा निर्माण खर्च २६ अर्ब

**आर्थिक पत्रकारसंगको अन्तरक्रिया एवं तालिम पश्चात त्यस सम्वन्धमा विभिन्न राष्ट्रिय दैनिकमा छापिएको समाचारको एक झलक**


सल्लाहकार

**मुक्ति नारायण पौडेल**

सम्पादक मण्डल

वावुराम सुवेदी

अनुपमा कार्की

लेआउट डिजाईन

अनुपमा कार्की

प्रकाशक

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**

**महालेखा नियन्त्रक कार्यालय भवन परिसर**

अनामनगर, काठमाण्डौं

टेलिफोन: ४७७०७०६, ४७७०३८७

फयाक्स: ४७७०७०६